आज मिति २०८० साल मंसिर २४ गते आइतबार बिहान १०:०० बजे ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक नं. ०२/०७/२०८०/०८१ गाउँपालिका अध्यक्ष श्री गीरेन्द्र बहादुर राई ज्यूको अध्यक्षतामा बसी तपसिलका पदाधिकारीहरुको उपस्थितीमा देहायका प्रस्तावमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिती</u>

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | गीरेन्द्र बहादुर राई | |
| उपाध्यक्ष | राजेश कुमार राजभण्डारी | |
| सदस्य | पुरुषोत्तम राजभण्डारी | |
| सदस्य | नन्द कुमार तामाङ | |
| सदस्य | टेकेन्द्र राजभण्डारी | |
| सदस्य | भक्त बहादुर तामाङ | |
| सदस्य | टंकराम राई | |
| सदस्य | सुनिल राई | |
| सदस्य | अरुण राई | |
| सदस्य | जानुमाया राई | |
| सदस्य | मंगल माया राई | |
| सदस्य | कमला देवि तामाङ | |
| सदस्य | गोपि तामाङ | |
| सदस्य | जय बहादुर विश्वकर्मा | |
| सदस्य | दिनेश राई (नाछिरिङ) | |
| सदस्य सचिव | रेख बहादुर थापा (प्र.प्र.अ.) | |

Date: ..............................

प्रस्ताव तथा निर्णयहरु

१.विद्यालय भवन भत्काउन अनुमति दिने सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. -६, ज्यामिरेस्थित श्री शान्तोदय मा.वि. को प.स. २०८०/०८१, च.नं. ३८, मिति २०८०/०८/१५ गतेको पत्रानुसार जि फाउण्डेशनको आर्थिक सहयोग र प्रयास नेपाल, रिब्जुङ महेश्वरी ऐसेलुखर्क-५, खोटाङको सहजिकरणमा नयाँ भवन निर्माणको लागि विद्यालयको खेल मैदानको पूर्व-उत्तरतर्फको कित्ता नं. ३१० र २९६ मा रहेको पुरानो र जिर्ण अवस्थामा रहेको २ कोठे २ वटा र १ कोठे १ वटा भवन भत्काउन अनुमति माग भई आएकोले उक्त पुरानो र जिर्ण अवस्थामा रहेको २ कोठे २ वटा र १ कोठे १ वटा भवन गाउँपालिका र जि फाउण्डेशनको लागत साझेदारी अन्तर्गत गाउँपालिकाको एस्काभेटर प्रयोग गरी भत्काउने र घडेरी सम्याउने र जि फाउण्डेशनको आर्थिक सहयोग र प्रयास नेपाल रिब्जुङ महेश्वरी ऐसेलुखर्क-५, खोटाङको सहजिकरणमा ८ कोठाको नयाँ भवन बनाउन अनुमति दिने सर्वसम्मत निर्णय गरियो ।

२. भवन डिजाइन तथा नक्सा स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. -६, ज्यामिरेस्थित श्री शान्तोदय मा.वि.मा जि फाउण्डेशनको आर्थिक सहयोग र प्रयास नेपाल रिब्जुङ महेश्वरी ऐसेलुखर्क-५, खोटाङको सहजिकरणमा निर्माण हुने २ कोठे २ वटा र १ कोठे १ वटा भवनको डिजाइन तथा नक्सा स्वीकृतिको लागि माग भई आएको हुँदा उक्त भवनको डिजाइन तथा नक्सा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना/आयोजना तथा बजेट स्वीकृत सम्बन्धमा ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८०/०८१ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारी सिर्जना शीर्षकमा सशर्त अनुदानको रुपमा प्राप्त रकम कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ४ उपदफा ३ बमोजिम कार्यपालिका बैठकबाट स्वीकृत आयोजना बैंक (प्रोजेक्ट बैंक) मा सूचीकृत भई मिति २०८०/०८/१२ गतेको कार्यपालिका बैठक नं. ०२/०६/२०८०/०८१ को प्रस्ताव तथा निर्णय नम्बर ३ बमोजिम वडागत रुपमा विनियोजित रकम तपसिल बमोजिमको योजना/आयोजनाको लागि रकम बाँडफाँड गरी योजना/आयोजना कार्यान्वयन गर्ने गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

आ.व. २०८०/०८१

| वडानं. | योजना/आयोजनाको नाम | बजेट स्रोत तथा विनियोजितबजेट | | कैफियत |
|---|---|---|---|---|
| | | नेपाल सरकार- रु.२६,८०,०००/- | आई.डि.ए.- रु.२६,८५,०००/- | |
| १ | थम्लु लैसिला सडक ग्याबियन बक्स फिलिङ | ० | २,१०,६७२/- | |

| | | | | |
|---|---|---|---|---|
| | वादस्कु भदौरे बेनेसेम सडक सोलिङ तथा ग्यावियन बक्स फिलिङ | ० | ४,७३,३२८/- | योजना/आयोजनाको लागि आवश्यक ग्यावियन बक्स तारजाली प्राविधिक लागत अनुमान प्रतिवेदन अनुसार गा.पा.ले उपलब्ध गराउने |
| २ | झाँक्रीबास बाकाचोल बादेल सडक मर्मत, सोलिङ तथा ग्याबियन बक्स फिलिङ | १०,८६,१९२/- | ० | |
| | ऐसेलुखर्क राईगाउँ बोडिङ सडक सोलिङ तथा छुका पहिरो ग्याबियन बक्स फिलिङ | ० | ३,४२,०००/- | |
| ३ | बाङ्खोला लबुवा साउने खोला ग्याबियन बक्स फिलिङ तथा लबुवा गोरेटो बाटो मर्मत | ० | २,०७,९३६/- | |
| | ओडारे ठाडो टोल सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ | ० | २,०२,४६४/- | |
| ४ | मावा दिब्दी बाह्रहाते सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ | | ४,२७,८००/- | |
| | शिशुमा.वि. लिस्पु गोरेटो बाटो मर्मत | ९,३२,०१२/- | | |
| ५ | तिन्तेफार ढोडेनी लपान सानोडुम्रे सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ | ० | ४,१०,४००/- | |
| | जिसी खोला सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ | ५,०८,३००/- | ० | |
| ६ | सल्ले जिरोपोइन्ट हुँदै स्वास्थ्य चौकी सडक सोलिङ | ० | २,६८,८१२/- | |
| | वडा कार्यालय आहाले सडक सोलिङ | ० | १,४१,५८८/- | |
| ७ | नोरोङ माक्पा सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ | ५,४७,२००/- | ० | |
| | रिस्लङ्कु बेप्ला सम्झना सडक सोलिङ तथा ग्याबियन बक्स फिलिङ | ४,०६,२९६/- | ० | |

**४. गाउँ प्रहरीको करार सेवा भङ्ग गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिकाको कार्यालयमा करार सेवामा कार्यरत गाउँ प्रहरी साजन राई र मिलन राय मिति २०८०/०८/०१ गतेदेखि बिना जानकारी

कार्यालयमा अनुपस्थित रहेको र मिति २०८०/०८/१५ गते ५ दिनभित्र कार्यालयमा लिखित स्पष्टिकरण पेश गर्न भनी पत्राचार गरिएकोमा तोकिएको म्यादभित्र कुनै लिखित स्पष्टिकरण नआएकोले मिति २०८०/०८/०१ गतेदेखि लागू हुने गरी दुवै जना गाउँ प्रहरीको करार सेवा भङ्ग गरी करार सेवाबाट हटाउने सर्वसम्मत निर्णय गरियो ।

**५. योजना माग गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं. ५ को लागि तपसिल बमोजिमको योजना शहरी विकास मन्त्रालय, स्थानीय पूर्वाधार विभाग (डोली) मा माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

**क. झोलुङ्गे पुल**

१.तामे खोला झोलुङ्गे पुल निर्माण

२. बाल्छी खोला झोलुङ्गे पुल निर्माण

**ख. मोटरेवल पक्की पुल**

१. मेकु खोला मोटरेवल पक्की पुल निर्माण

**६. करार सेवा निरन्तरता सम्बन्धमा ।**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा जिल्ला आयुर्वेद कार्यालय अन्तर्गत नागरिक आरोग्य केन्द्र, ऐसेलुखर्कमा कार्यरत कार्यालय सहयोगी सिर्जना अधिकारी पाण्डेलाई आयुर्वेद कार्यालयबाट तलब भत्ता नपूग भएकोले करार सेवा थप नभएको कारण यस कार्यालयमा संघीय सरकारबाट आयुर्वेदमा कार्यरत कर्मचारीहरुको तलब भत्ता शीर्षकबाट कार्यालय सहयोगी, प्रथम स्तरको तलब स्केल भुक्तानी गर्ने गरी पुस १ गतेदेखि लागू हुने गरी करार सेवा निरन्तरता दिने सर्वसम्मत निर्णय गरियो ।

**७. रकम थप सम्बन्धमा ।**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा ऐसेलुखर्क गाउँपालिका वडा नं.-४, जलेश्वरीस्थित सिम्ले मा.वि. खेलकुद ग्राउण्ड निर्माण शीर्षकमा विनियोजित बजेट अपूग भएकोले रु.२,००,०००/- गाउँपालिकाको कन्टेन्जेन्सी शीर्षकबाट विनियोजन गरी रकम थप गर्ने सर्वसम्मत निर्णय गरियो ।